# राक्सिराङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चैनपुर, मकवानपुर

प.सं.: स्वास्थ्य/२०७७/७८ बागमती प्रदेश, नेपाल
च.नं.:

**करारमा सेवा लिने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०५/२१

यस गाउँ कार्यपालिकाको कार्यालयको लागि लोक सेवा आयोगबाट स्थायी कर्मचारी सिफारिस भई आएमा वा अन्य कुनै व्यवस्था भएमा स्वत: नरहने गरी निम्न उल्लेखित कर्मचारीहरु करार सेवामा राख्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकले यस गाउँपालिकाद्वारा निर्धारित फाराम भरी व्यक्तिगत विवरण सहीत आफुले प्राप्त गरेको शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रहरुको एक-एक प्रति छायाँकपि संलग्न राखी यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको स्वास्थ शाखामा कार्यालय समयसम्म यस कार्यालयमा राजश्व तिरेको सक्कलै रसिद सहीत दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस कार्यालयको वेब ठेगाना http://raksirangmun.gov.np/sample-forms बाट उपलब्ध हुनेछ । रीत नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यवाही हुनेछैन ।

तपसिल

| सि. नं. | विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | पद संख्या | उमेर | परीक्षाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | ल्याव-असिस्टेन्ट | सहायक | नेपाल स्वास्थ सेवा | १ | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महीलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | अन्तरवार्ता | सम्बन्धीत विषयमा ल्याव-असिस्टेन्टको कोर्ष पुरा गरी उत्तिर्ण गरेको | रू७००/ |
| २ | ०२/२०७७/७८ | कार्यालय सहयोगी | प्रथमस्तर | | १ | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महीलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | अन्तरवार्ता | दशकक्षा उत्तिर्ण | रू३००/ |

१. **सम्पर्क मिति** : म्याद समाप्त भएको भोलिपल्ट ।
२. **अन्तरवार्ता मिति** : सम्पर्क मितिका दिन तोकिनेछ ।
३. उमेरको गणना गर्दा दरखास्त दिने अन्तिम मिति सम्मलाई आधार मानिने छ ।
४. यस कार्यालयको वेवसाईट http://raksirangmun.gov.np/ मा पनि सूचना हेर्न सकिने र कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ । माथि उल्लेखित अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
५. प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।
६. **कार्यक्षेत्र:** यस कार्यालयद्वारा तोकिएको स्थानमा कामकाज गर्नुपर्नेछ ।
७. स्वास्थ सेवाका उम्मेदवारहरुले नेपाल मेडिकल बोर्डको अनुमतिपत्र पेश गर्नु पर्ने छ ।
८. विदेशि शैक्षिक संस्थाबाट अध्ययन गरेकाहरुको हकमा नेपाल विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पेश गर्नु पर्ने छ ।
९. **सेवा करार अवधि:** नियुक्ती भएको मिति देखि २०७८ असारसम्म ।
१०. **गर्नुपर्ने कार्य:** यस कार्यालयद्वारा तोकिएको कार्यहरु गर्नुपर्नेछ ।
११. **दावि नपुग्ने:** करारमा काम गरेको आधारमा पछि कुनैपनि किसिमको पदमा अस्थायी वा स्थायी नियुक्ति हुनकालागि दावी गर्न पाउने छैन
१२. **तलब/सुविधा:** नेपाल सरकारद्वारा निर्धारीत शुरु तलबमान बमोजिमको तलब, भत्ता पाउने छ ।
१३. **विदा:** आगामी बर्षको लागि संचित नहुने गरी महिनामा १ (एक) दिन घरविदा पाउनेछ ।
१४. **म्यादथप:** सेवा करारको अवधि समाप्त भए पश्चात काम सन्तोषजनक भएमा वा अन्य व्यवस्था भएमा स्वत: नरहने गरी कार्यपालिकाको निर्णयानुसार सेवा करार म्याद थप हुन सक्नेछ ।
१५. बैंक अफ काठमाडौं लि., राक्सिराङ्गमा रहेको यस कार्यालयको खाता नं. 018700000002524 RAKSIRANG GA.PA. SANCHIT KOSH KHATA GA-4-1 मा दरखास्त दस्तुर बुझाएको बैंक भौचर एवं अन्य आवश्यक सम्पूर्ण कागजातहरुको छायाँकपि संलग्न राखी info@raksirangmun.gov.np इमेल ठेगाना मार्फत समेत दरखास्त दिन सकिनेछ ।

.............................
(राजेन्द्र भट्टराई)
नि.प्रमुख प्रशासकिय अधिकृत